वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक ३०० | २०८२ चैत्र ०९ गते सोमबार, नेपाल सम्वत् ११४६ March 23, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-






## घर ढलानमा खट्टिएका श्रमिक महिलाहरू

तनहुँको व्यास नगरपालिका-१ भादगाउँस्थित एक घरको ढलान कार्यमा खट्टिएका श्रमिक महिलाहरू । नेपाली युवा पुरूषहरू रोजगारीको खोजीमा खाडी मुलुक तर्फ जानेक्रम बढ्दै गएपछि घर तथा अन्य पूर्वाधार निर्माण जस्ता जोखिमपूर्ण काममा महिलाहरूको सहभागिता बढ्दै गएको छ ।

*तस्विर : भञ्ज्याङ*

# परम्परागत ज्ञान र आधुनिक प्रविधिमार्फत हिमाली चरन भूमि संरक्षण गरिंदै

**भीष्मराज ओझा**/काठमाडौं

परम्परागत ज्ञान र आधुनिक विज्ञान र प्रविधिमार्फत मुलुकका उच्च हिमाली क्षेत्रमा रहेका चरनभूमिको संरक्षण गरिने भएको छ । चरनभूमिको संरक्षण गर्न 'नेपालका उच्च हिमाली चरनभूमि संरक्षणका लागि धार्मिक नेतृत्वको पुनर्जीवन' नामक चार वर्षे परियोजना सुरू गरिएको हो । यसका लागि नेपाल सरकारले विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपालको सहयोगमा उक्त परियोजना बिहीबारदेखि प्रारम्भ गरेको हो ।

यस परियोजनाको उद्देश्य कर्णाली प्रदेशस्थित डोल्पाको माथिल्लो दुर्गम क्षेत्रमा रहेका उच्च हिमाली चरनभूमिको संरक्षण गर्नु तथा स्थानीयको जीविकोपार्जन सुधार गर्नु, सांस्कृतिक सम्पदाको संरक्षण तथा पर्यटन प्रवर्द्धन गर्नुलगायत रहेका छन् । संयुक्त अधिराज्यको 'डर्विन इनिसिएटिभ' मार्फत वित्त पोषित यस सहकार्यले सरोकार भएका निकायको क्षमता उपयोग गर्दै सह-व्यवस्थापनको नवीन दृष्टिकोण अपनाउने छ । जसमा स्थानीय परम्परागत ज्ञान र आधुनिक विज्ञानको समन्वय गरिने जनाइएको छ ।

सन् २०२६ लाई 'चरनभूमि तथा पशुपालकको अन्तर्राष्ट्रिय वर्ष' का रूपमा मनाइँदैछ । नेपालको उच्च हिमाली चरनभूमिहरूले हजारौं वर्षदेखि प्रकृति र मानव जीवनलाई धान्दै आएका छन् । यी चरनभूमि आम्दानीको महत्वपूर्ण स्रोत हुनुका साथै जनताका लागि जल सुरक्षाको सुनिश्चिततामा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछन्। डोल्पासहित हिमाली क्षेत्रमा यी चरनभूमिले हिउँ चितुवालगायत विविध जैविक सम्पदालाई संरक्षण गर्छन् भने आदिवासी तथा स्थानीय समुदायका लागि सामाजिक-आर्थिक जीवनरेखाको रूपमा कार्य गर्नेछन्। बढ्दो मानवीय दबाब तथा जलवायु परिवर्तनका प्रभावले यी चरनभूमि प्रत्यक्ष जोखिममा परिरहेका छन्।

डब्लुडब्लुएफ नेपालले देशका दुर्गम क्षेत्रमा रहेका वञ्चित समुदायसँग काम गर्ने सुदृढ अनुभव हासिल गरेको जनाएको छ । डब्लुडब्लुएफ नेपालका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरूङले 'डर्विन इनिसिएटिभ'को सहयोगमा यसअघि तराई क्षेत्रमा आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका समुदायको जीवनस्तर सुधारका कार्य गरिएको बताउनुभयो । "डोल्पाको माथिल्लो क्षेत्रमा सञ्चालन हुने यो नयाँ परियोजनामार्फत समुदाय-आधारित संरक्षण र जीविकोपार्जनलाई सुदृढ गर्दै समान प्रभाव हासिल गर्ने हाम्रो लक्ष्य छ", उहाँले भन्नुभयो ।



नेपालले यी चरनभूमिको प्राकृतिक तथा सांस्कृतिक अखण्डताको संरक्षणलाई उच्च प्राथमिकता दिएको छ । दूरदर्शी नीतिहरूले सह-व्यवस्थापनका लागि अनुकूल वातावरण सिर्जना गरेका छन् । जसमा आदिवासी तथा स्थानीय समुदायको सार्थक सहभागिता सुनिश्चित गरिएको छ । तथापि, दुर्गमता, सीमित स्रोतसाधन तथा व्यवस्थापनसम्बन्धी अस्पष्ट जिम्मेवारीजस्ता व्यावहारिक चुनौतीहरूले प्रभावकारी संरक्षणमा अझै अवरोध सिर्जना गरिरहेका छन् ।

डब्लुडब्लुएफ नेपालले वन तथा वातावरण मन्त्रालयअन्तर्गतको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र स्थानीय समुदायसँग सहकार्य गर्दै से-फोक्सुन्डो राष्ट्रिय निकुञ्जमा समग्र संरक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ । जहाँ हिउँ चितुवालाई प्रमुख वन्यजन्तुको रूपमा लिइएको छ ।

संरक्षणको दिगोपन सरोकार भएका निकायको सक्रिय सहभागिता र जिम्मेवारीमा निर्भर हुने भएकाले यी प्रयासहरूले प्रकृति र मानव कल्याणबीचको सकारात्मक सम्बन्धलाई मजबुत बनाउँदै सहअस्तित्व प्रवर्द्धनलाई प्राथमिकता

बाँकी तेश्रो पेजमा

# तनहुँ जलविद्युत् आयोजनाको प्रसारण लाइनमा ढिलाई

**भञ्ज्याङ समाचारदाता**/दमौली

१४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको प्रसारण लाइन निर्माण कार्यमा ढिलाई हुँदै आएको छ । नीतिगत समस्याका कारण आयोजनाको प्रसारण लाइन निर्माणकार्य प्रभावित भएको हो । वन मन्त्रालयसँग देखिएको कानुनी र प्रक्रियागत अड्चनका कारण विद्युत् प्रसारण लाइन विस्तारमा ढिलाइ भएको आयोजनाले जनाएको छ। आयोजनाको प्याकेज-३ अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्मको ३४.७ किलोमिटर दूरीमा निर्माणाधीन २२० केभी डबल सर्किट प्रसारण लाइनको काम प्रभावित हुँदै आएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिए ।

यस प्याकेजअन्तर्गत भारतीय ठेकेदार कम्पनी केइसी इन्टरनेशनल लिमिटेडले काम गरिरहेको छ । आयोजना प्रमुख भण्डारीले भने, 'तनहुँ खण्डमा सामुदायिक वनसँग समन्वय गरी



प्रसारण लाइन निर्माणका लागि वि.सं. २०७७ असोजदेखि काम सुरू गरिएको थियो। रूख कटानका विषयमा मन्त्रिपरिषदबाट स्वीकृति प्राप्त भएपनि कार्यान्वयनमा आउन नसक्दा निर्माण कार्यमा अवरोध सिर्जना भएको बताइएको छ ।

वनको कडा नियम परिवर्तन नहुँदासम्म काम गर्न कठिन देखिएको छ भने तनहुँको तुलनामा चितवन खण्डमा सालका ठुला रूख कटान गर्नुपर्ने चुनौतीका रूपमा देखिएको आयोजनाले जनाएको छ । केन्द्रीय स्तरबाट रूख कटानको आदेश नहुँदासम्म काम अघि बढाइए पनि चितवनमा ठुला सालका रूख काट्नुपर्ने र वन कार्यालयले सहजीकरण गर्न नसकेकोले प्रगति रोकिएको छ ।'

कुल ९४ टावरमध्ये हालसम्म ७८ वटाको जग हालिएको छ भने ६९ वटा टावर ठड्याउने काम सम्पन्न भइसकेको छ । यस प्याकेजको समग्र भौतिक प्रगति ७६ प्रतिशत पुगेको छ । प्रसारण लाइनको मार्गमा पर्ने राष्ट्रिय वन भित्रका रूख हटाउन सम्बन्धित डिभिजन वन कार्यालयसँग निरन्तर समन्वय भइरहेको आयोजनाले

बाँकी तेश्रो पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# सम्पादाको संरक्षण

नेपालको इतिहास, संस्कृति र भुगोल एकअर्कासँग गाँसिएर यस्ता विरासतहरु निर्माण गर्छन् । जसले राष्ट्रको पहिचान मात्रै बनाउँदैन, भावी पुस्ताका लागि गौरवको स्रोत पनि प्रदान गर्छ। तर दुर्भाग्यवश, त्यस्ता थुप्रै स्थलहरु समय, राजनीति, र बेवास्ताको भारमा ओझेलमा परिरहेका छन्। तिनैमध्ये एक हो– पहाडकी रानी उपनामले परिचित तनहुँको बन्दीपुरमा अवस्थित मुकुन्देश्वरी डाँडा। जसको नामसँगै पाल्पाका प्रसिद्ध राजा मुकुन्दसेनको ऐतिहासिक, धार्मिक र सांस्कृतिक विरासत गाँसिएको छ । चारैतिर हरियाली, आकाशमा नीलो स्वच्छता र टाढा देखिने धौलागिरी–अन्नपूर्ण–बौद्ध हिमश्रृंखलाका दृश्यले यो डाँडालाई प्रकृतिको अनुपम उपहार बनाउँछ। तर यसको छायाँमा लुकेको छ । एक वीर शासकको गाथा, शक्तिपीठको किंवदन्ती र नेपाली इतिहासमा गरिइएको प्रारम्भिक संघीय शासन अभ्यासको स्मृति । पन्ध्रौं शताब्दीको उत्तरार्धमा जन्मिएका राजा मुकुन्दसेन केवल पाल्पाका शासक थिएनन्, उनी नेपाली भुगोलको तत्कालीन पुनःसंरचनामा ऐतिहासिक योगदान दिने व्यक्तित्व पनि थिए । संस्कृत, अस, अवधी र मगर भाषामा दखल राख्ने यो बहुभाषिक राजा एक धार्मिक, नीतिनिष्ठ र प्रबुद्ध प्रशासक थिए । गोपिनाथ शर्माको "चौबीसी राज्यको इतिहास" अनुसार, पाल्पा राज्य उत्तरमा मुक्तिनाथदेखि दक्षिणमा गङ्गासम्म, पूर्वमा जलपाइगुडीदेखि पश्चिममा कुमाउँसम्म फैलिएको थियो। त्यो बेलामा मुकुन्दसेनले आफ्ना सात छोराहरूलाई सातवटा भिन्न–भिन्न क्षेत्रहरूमा प्रशासक बनाएर प्रारम्भिक संघीय शासनको अभ्यास पनि गरे। यो नेपाली राजनीतिक चेतनाको प्रारम्भिक नमूनास्वरूप पनि लिन सकिन्छ । तर राजनीतिक शक्ति, वंशवाद र आन्तरिक कलह नेपाली इतिहासको स्थायी विडम्बनाजस्तै बनेको छ। मुकुन्दसेनको राज्य पनि यसबाट अछुतो रहन सकेन। आफ्नै छोराहरूबीचको सत्ता संघर्षले थाकेर, राजा मुकुन्दसेनले राज्य त्यागे। अन्ततः वि.सं. १६२२ मा देवघाटमा जलसमाधि लिएर शालिग्राम बनेको जनविश्वास आजसम्म जीवित छ ।

राजा मुकुन्दसेनसँग गाँसिएको यो मुकुन्देश्वरी डाँडा, कुनैबेला पाल्पा राज्यको शीतकालीन राजधानी थियो। यही ठाउँमा राजा मुकुन्दसेनले सैनिक परेड गराउँथे, शक्तिशाली तरवारहरु राखिएका थिए, शिवमन्दिर स्थापना गरिएको थियो । डाँडामै रहेको इनार, तत्कालीन दरबारका भग्नावशेष, सैनिक अभ्यासका टुंडिखेलहरु, पूजास्थलहरु, गुफा र तबेलाहरु आज झाडी र जङ्गलले ढाकेका छन्। एक महिलाको मुखबाट सुनिएको "राजा हुनुको घमण्डले अन्धा भएका छन्" भन्ने वाक्यले आत्मबोध पाएका राजा मुकुन्दसेन यही डाँडाबाट सधैंका लागि अन्तर्धान भए भन्ने किंवदन्तीले डाँडालाई एउटा आध्यात्मिक चेतनाको थलो पनि बनाएको छ। डाँडामा प्रकट भएको शक्तिस्वरूप मुकुन्देश्वरी देवी, आज पनि स्थानीय स्तरमा पूजाआजा गरिन्छ । तर त्यो शक्तिपीठ आज संरक्षणविहीन, प्रचारविहीन र ओझेलमा परेको ऐतिहासिक स्थल बनेको छ । मुकुन्देश्वरी डाँडा आज राष्ट्रिय स्तरमा कति चिनिएको छ? उत्तर हो– निकै थोरै चिनिएको छ। ऐतिहासिक महत्त्व बोकेको, सांस्कृतिक किंवदन्तीले भरिएको र पर्यटनको अपार सम्भावना बोकेको यस्तो स्थलप्रति स्थानीय सरकारको ध्यान नपुगेको देखिन्छ। त्यस्तै, प्रदेश र संघीय सरकारले पनि संरक्षणको विषयमा नीति त बनाएका छन्, तर कार्यान्वयन पक्ष कमजोर छ । गाउँपालिका, पाल्पा–तनहुँका सम्पदाविद्, स्थानीय पर्यटन व्यवसायी र नागरिक समाजको साझा प्रयास बिना यो स्थल अझै बिर्सिंदै जानेछ। खासगरी विद्यालय र विश्वविद्यालय तहमा यो थलोको अध्ययन र प्रचार–प्रसार हुनुपर्छ। यहाँको इतिहास पाठ्यक्रममा समावेश गरेर नयाँ पुस्तामा यो चेतना विकास गर्न सकिन्छ कि, इतिहास केवल दरबारका पर्खालमा सीमित छैन, त्यसको जरा स्थानीय डाँडाकाँडो र मान्यतामा पनि गढिएको छ।

बन्दीपुर आफैंमा एक महत्वपूर्ण पर्यटकीय गन्तव्य हो। मुकुन्देश्वरी डाँडा त्यसको पूरक बन्न सक्छ । जसले इतिहास, धर्म, संस्कृति र प्रकृतिको संगममा नयाँ गन्तव्य निर्माण गर्न सक्छ । यसका लागि डाँडाको पुरातात्त्विक सर्वेक्षण गरिनु, प्राकृतिक पदमार्ग निर्माण गरिनु, स्थानीय कथा र किंवदन्तीहरूलाई संग्रह गरेर संग्रहालय बनाइनु, नयाँ पुस्तालाई सहभागी गराउने सचेतना अभियान सञ्चालन गरिनु, गाईड प्रशिक्षण, बोर्ड संकेत र डिजिटल सामग्री विकास गरिनुपर्ने देखिन्छ। यी काम गर्दा मात्र मुकुन्देश्वरी डाँडा नयाँ पुस्ताको लागि गुम्न लागेको सम्पदा होइन, पुनःजीवित प्रेरणाको केन्द्र बन्न सक्छ। नेपालको इतिहास राज्यहरूकै युद्धले बनेको हो भन्ने एकपक्षीय दृष्टिकोणलाई तोड्न जरूरी छ । मुकुन्देश्वरी डाँडा जस्ता स्थलहरु इतिहासको विविधता, आध्यात्मिकता र मानवीय संवेदनाको गाथा बोल्छन् । हाम्रा सन्तानले इतिहास पढून्, हेरून् र महसुस गरून् भन्ने हो भने, हामीले मुकुन्देश्वरीजस्ता स्थलहरूलाई केवल किंवदन्ती होइन, संरक्षित धरोहर बनाउनु आवश्यक छ। यो न त केवल तनहुँको जिम्मेवारी हो, न त पाल्पाको मात्रै यो सम्पूर्ण नेपाली समाजको साझा दायित्व हो ।

# विश्व पानी दिवस २०२६ : 'जहाँ पानी बग्छ, त्यहाँ समानता बढ्छ'

विश्व पानी दिवस संयुक्त राष्ट्रसंघले १९९० को दशकबाट मनाउन सुरू गरिएको हो । यस वर्ष सन् २०२६ को नारा 'जहाँ पानी बग्छः त्यहाँ समानता बढ्छ' भन्नेछ। संयुक्त राष्ट्रसंघको नेतृत्वमा रहेको यो विषयवस्तुले 'जहाँ मानिसहरूलाई सुरक्षित पिउने पानी र सरसफाइको मानवअधिकारको अभाव हुन्छ, त्यहाँ असमानता फस्टाउँछ', जसको कारण महिला र बालिकाहरूले दुःख भोग्छन् भन्ने तथ्यलाई प्रष्टयाएको छ। विश्वको करिब ७३%–७५% (सन् २०२२) जनसंख्यामा (झण्डै ६ अर्ब मानिस)ले 'सुरक्षित रूपमा व्यवस्थित' खानेपानी प्रयोग गरिरहेका थिए, जसको अर्थ घरमै उपलब्ध, आवश्यक परेको बेला पाइने र प्रदूषणमुक्त पानी हो । यस प्रगतिका बाबजुद पनि अझै चार जनामध्ये एक जना (करिब २.२ अर्ब मानिस) सुरक्षित खानेपानीको पहुँचबाट वञ्चित छन्, विशेषगरी ग्रामीण तथा कमजोर अवस्थाका क्षेत्रहरूमा ठूलो असमानता देखिन्छ।

दिगो विकास लक्ष्य– सन् २०३० सम्म सबैलाई सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्ने लक्ष्य हासिल गर्ने दिशामा गर्छन् । सन् २०५० सम्म करिब ५.७ अर्ब मानिस पानी अभाव भएका क्षेत्रमा बस्न बाध्य हुन सक्छन् । जलवायु परिवर्तनका कारण धेरै सुक्खा क्षेत्रहरूमा नवीकरणीय ऊर्जामा १०–३०% सम्म घट्ने अनुमान गरिएको छ । सन् २००० पछि बाढीसँग सम्बन्धित विपद् घटनाहरु अघिल्लो दुई दशकको तुलनामा धेरै बढेका छन् । झण्डै १.८ अर्ब मानिस उल्लेखनीय बाढी जोखिम भएका क्षेत्रमा बसोबास गर्छन् । समुद्री सतह बढ्दै जाँदा साना द्वीप र तटीय क्षेत्रका सुरक्षित पानीका स्रोतहरु जोखिममा परिरहेका छन् । तापक्रम वृद्धिका कारण विश्वभरका हिमनदीहरु तीव्र रूपमा पग्लिरहेका छन् ।

हिन्दूकुशजस्ता पर्वतीय क्षेत्रहरूः जसले १.६ अर्बभन्दा बढी मानिसलाई पानी उपलब्ध गराइरहेको छ, हिउँ र बरफको मात्रा घटिरहेको छ । यदि विश्वव्यापी तापक्रम दुई डिग्री सेन्टिग्रेडसम्म पुग्यो भने हिमालय क्षेत्रका करिब एकतिहाइ हिमनदीहरु हराउन सक्छन् । पानीसँग सम्बन्धित विपद् घटनाहरूले विश्वका ७०% भन्दा बढी विद्यालयमा पानी र सरसफाइको अभावले बालिकाहरूको शिक्षामा असर पार्छ । जब पानी नजिकै हुन्छ, बालिकाहरु विद्यालयमा रहन्छन् । जब बालिकाहरु विद्यालयमा रहन्छन्, समानता बढ्छ ।

नेपालमा पानी (खानेपानी र सरसफाइ) र लैङ्गिक समानता आपसमा गहिरो रूपमा जोडिएका विषय हुन् । विशेषगरी ग्रामीण क्षेत्रमा पानीको पहुँच, व्यवस्थापन र निर्णय प्रक्रियामा महिलाको भूमिका महत्त्वपूर्ण भए पनि चुनौतीहरु अझै छन्। पानी संकलनमा महिलाको भूमिका धेरै ग्रामीण परिवारमा पानी ल्याउने जिम्मेवारी मुख्यतः महिला र किशोरीहरूमा हुन्छ, टाढाबाट पानी बोक्नुपर्ने अवस्थाले समय, स्वास्थ्य र सुरक्षामा असर गर्छ, यसले विद्यालय जाने किशोरीहरूको पढाइमा पनि बाधा पुर्‍याउँछ । सुरक्षित खानेपानी र सरसफाइको अभावले महिलामा बढी स्वास्थ्य जोखिम (जस्तैः पानीजन्य रोग) बढाउँछ । महिनावारी सरसफाइका लागि विद्यालय र सार्वजनिक स्थानमा पर्याप्त पानी र शौचालयको अभावले किशोरीहरूको



डा. गंगादत्त नेपाल

विद्यालय उपस्थितिमा असर गर्छ । स्थानीय खानेपानी उपभोक्ता समितिहरूमा महिलाको सहभागिता बढ्दै गएको छ । नेपालको संविधान र स्थानीय तहका नीतिहरुले महिला प्रतिनिधित्वलाई प्रोत्साहन गर्छन्। तर व्यवहारमा नेतृत्व तहमा अझै पुरूषको वर्चस्व देखिन्छ। नीतिगत प्रयासहरूः नेपालले पानी र सरसफाइ क्षेत्रमा लैङ्गिक समानता प्रवर्द्धन गर्न विभिन्न नीति र कार्यक्रम सञ्चालन गरेको छः ग्रामीण क्षेत्रमा सुरक्षित पानी र महिलाको सशक्तीकरणमा काम गरिरहेको छ । खानेपानी मन्त्रालयले खानेपानी तथा सरसफाइ नीति र कार्यनीति कार्यान्वयन साथै युएन युमनलगायतले लैङ्गिक समानता र महिला अधिकारका क्षेत्रमा सहयोग गरिरहेका छन् ।

विश्व अहिले सही मार्गमा छैन । उक्त लक्ष्य पूरा गर्न खानेपानी क्षेत्रमा लगानी छ गुणाले वृद्धि गर्न आवश्यक छ । सन् २०१५ देखि २०२४ बीच सुरक्षित रूपमा व्यवस्थित खानेपानीको पहुँच ६८% बाट बढेर ७४% पुगेको छ ।

सन् २०३० को दिगो विकास लक्ष्य हासिल गर्न जलवायु सहनशील खानेपानी तथा जल पूर्वाधार अत्यावश्यक छ । वार्षिक रूपमा सयौं अर्ब डलरबराबरको आर्थिक क्षति रोक्न पानी क्षेत्रमा अनुकूलनका लागि विश्वव्यापी लगानी उल्लेखनीय रूपमा बढाउन आवश्यक छ। जलवायु परिवर्तनको प्रभाव मानिसहरूमा मुख्य रूपमा पानीमार्फत पर्छ– खडेरी, बाढी, हिमनदी पग्लिनु र पानी दूषित हुनुजस्ता माध्यमबाट । जीवन र अर्थतन्त्र जोगाउन जल व्यवस्थापन प्रणाली सुदृढ बनाउने, जलाधार क्षेत्र संरक्षण गर्ने र जलवायु सहनशील पूर्वाधारमा लगानी गर्ने अत्यन्त आवश्यक छ ।

जलवायु परिवर्तनले जलचक्रलाई तीव्र बनाउँदै खडेरी र बाढी दुवैको जोखिम बढाइरहेको छ । तापक्रम एक डिग्रीले बढ्दा वायुमण्डलले करिब सात प्रतिशत बढी आर्दता लिन्छ । परिणामस्वरूप धेरै क्षेत्रमा अत्यधिक वर्षाका घटनाहरूको आवृत्ति र तीव्रता बढेको छ। हाल विश्वको करिब चार अर्ब मानिसले वर्षमा कम्तीमा एक महिना गम्भीर पानी अभावको सामना प्राकृतिक विपद् ओगटेका छन् । खडेरीले कृषि क्षेत्रलाई प्रभावित गर्दै खाद्य सुरक्षामा खतरा बढाउँछ र कुपोषण वृद्धि गर्छ ।

नेपालमा ९०% भन्दा बढी जनसंख्यामा आधारभूत खानेपानीमा पहुँच भए पनि करिब १९% मानिसले मात्र प्रदूषणमुक्त र सुरक्षित रूपमा व्यवस्थित खानेपानी प्रयोग गरिरहेका छन् । उच्च ई–कोलाइ प्रदूषणले पानीका स्रोतहरु प्रभावित भएका छन्, विशेषगरी गरिब समुदायमा, जहाँका प्रायः घरधुरीको पानी असुरक्षित हुनसक्छ ।

### खानेपानी र लैङ्गिक समानता

विश्वमा करिब २.२ अर्ब मानिस अझै पनि सुरक्षित रूपमा व्यवस्थित खानेपानीबाट वञ्चित छन् । विश्वभर झण्डै चार जनामध्ये एक जनाको घरमै सुरक्षित पानीको पहुँच छैन । ग्रामीण, कमजोर र न्यून आय भएका समुदायहरूमा असमानता सबैभन्दा बढी देखिन्छ । जब प्रत्येक घरमा पानी बग्छ, अवसर पनि सँगै बग्छ । नेपालमा करिब १० प्रतिशत जनसंख्या खानेपानीबाट वन्चित छन् भने करिब २० प्रतिशत जनसंख्याको मात्र सुरक्षित खानेपानीमा पहुँच छ । विश्वभर महिला र बालिकाहरूले दैनिक करिब २० करोड घण्टा पानी संकलनमा खर्च गर्छन् । घरमै पानीको सुविधा नभएका १० मध्ये आठ घरधुरीमा पानी ल्याउने मुख्य जिम्मेवारी महिला र बालिकाहरुको भएको परिप्रेक्ष्यमाः

### खानेपानी र स्वास्थ्य समानता

असुरक्षित पानी, सरसफाइ र स्वच्छता अभावका कारण हरेक वर्ष सयौं हजारको मृत्यु हुन्छ । पानीजन्य रोगहरूले विशेषगरी पाँच वर्षमुनिका बालबालिका र गरिब समुदायहरूलाई असमान रूपमा प्रभावित गर्छन् । अर्कोतर्फ, जलवायु परिवर्तनका कारण खडेरी र बाढी बढ्दै जाँदा पानी दूषित हुने समस्या झन् गम्भीर बन्दै गएको छ । नेपालमा करिब ९०% भन्दा बढी जनसंख्या आधारभूत खानेपानी सेवामा पहुँच राख्छन्, तर सुरक्षित पानी सबै ठाउँमा उपलब्ध छैन । करिब ७५–८०% घरधुरीमा आधारभूत सरसफाइ सुविधा पुगेको छ, तर ग्रामीण–सहरी असमानता अझै छ । पानीजन्य रोग (जस्तै झाडापखाला) बालबालिकामा प्रमुख स्वास्थ्य समस्यामध्ये एक हो । ग्रामीण क्षेत्रमा महिलाले दैनिक १–३ घण्टा पानी सङ्कलनमा खर्च गर्न सक्छन् । विद्यालयमा

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
अरूलाई दिने नभई भिर्त्याउने समय छ। दिएको धनमाल पछि आफैंलाई आवश्यक पर्न सक्छ।

**वृष**
गरिएका कर्मको उचित प्रतिफल पाइनेछ। पुरूषार्थी कामले समाजमा स्थापित बनाउनेछ।

**मिथुन**
तत्काल धेरै गर्न नसकिए पनि पछिका लागि जग बसाउने समय छ। नयाँ काम गर्ने अवसर पनि प्राप्त हुनेछ।

**कर्कट**
व्यस्तता बढ्नेछ भने शारीरिक समस्याले कमजोरी अनुभूति हुनेछ। आ ́ नो वस्तुमा अरूले दाबी गर्लान्।

**सिंह**
सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ।

**कन्य**
परिणाम विचार नगरी काम थाल्दा दुःख मात्र पाइनेछ। नियमित काम तथा व्यवसायमा ध्यान पुर्याउनुहोला।

**तुला**
अध्ययन र लेखनमा प्रगति हुनेछ।पहिलेका कमजोरीलाई सुधार्ने मौका छ। बोलीको प्रभाव बढ्नेछ ।

**वृश्चिक**
खोजी गर्दा आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। मिहिनेत गर्दा लक्ष्यअनुसार काम सम्पादन हुनेछ।

**धनु**
आफ्नै प्रयासले अधिकार स्थापित गर्न सकिनेछ। मिहिनेतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ।

**मकर**
स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। मिहिनेत परे पनि काम रोकिन सक्छ।

**कुम्भ**
स्वास्थ्यका लागि खानपानमा सजग रहनुपर्ला। अध्ययनमा समय दिन नसक्दा पछि परिने सम्भावना छ।

**मीन**
गोप्य सूचना बाहिरिनाले काम दोहोर्याउनुपर्ने हुन सक्छ। सामान्य काममा धेरै धन र परिश्रम खर्चनुपर्ला।



**ट्याक्टर दुर्घटनामा चालक घाइतेको उद्धार :** तनहुँको व्यास नगरपालिका–४ बिरालेटारस्थित भित्री सडकखण्डमा आइतबार साँझ ग१त ६७४९ नम्बरको ट्याक्टरमा पछाडिको ढाला जडान गर्ने क्रममा दुर्घटना हुँदा ट्याक्टर चालक च्यापिएन पुगेपछि उद्धार गरिदै । जिल्ला ट्राफिक प्रहरी, जिल्ला प्रहरी कार्यालय र कालीभञ्ज्याङ गणबाट खट्टिएको सुरक्षा टोलीले घाइतेको उद्धार गरी उपचारका लागि प्रदेश अस्पताल दमौली पठाएको र घाइतेको अवस्था मध्यम रहेको बताइएको छ । *तस्विर : भञ्ज्याङ*

# तनहुँ जलविद्युत् आयोजना ......

जनाएको छ ।

प्रसारण लाइनका लागि आवश्यक ९९ प्रतिशत सामान निर्माणस्थलमा आइपुगे पनि वनको समस्याले गर्दा अन्तिम चरणको काम रोकिन पुगेको प्रमुख भण्डारीले बताए । उनले भने, 'प्याकेज–१ अन्तर्गत बाँध निर्माणको काम ५६ प्रतिशत र प्याकेज–२ अन्तर्गत सुरूङ तथा विद्युत् गृह निर्माणको काम ७४ प्रतिशत सकिएको छ भने आयोजनाको समग्र भौतिक प्रगति ७४ प्रतिशत पुगेको छ ।'

ऊर्जा मन्त्रालयमार्फत वन मन्त्रालयमा समस्या समाधानका लागि प्रस्ताव पठाइएको र अवरोध नभएको भए हालसम्म यस खण्डको काम पुरा भइसक्ने आयोजनाले जनाएको छ । सन् २०२२ मेसम्म सम्पन्न गर्ने लक्ष्य राखिए पनि कोभिड–१९ को महामारी र रूख कटानको स्वीकृतिमा भएको ढिलाइले आयोजना पछाडि धकेलिएको हो ।

५० करोड ५० लाख अमेरिकी डलर कुल लागत रहेको यस आयोजनामा एडिबीले १५ करोड, जाइकाले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार तथा विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर बेहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

# परम्परागत ज्ञान र आधुनिक .......

दिएका छन् । वन्यजन्तुसँगकोद्वन्द्व व्यवस्थापन, जीविकोपार्जन विविधिकरण, शिक्षा तथा स्वच्छ ऊर्जामा पहुँच विस्तार यसका प्रमुख प्राथमिकता हुन्। "चरनभूमि व्यवस्थापनमा समुदायको सहभागिता र परम्परागत ज्ञानको एकीकरण नेपाल सरकारको प्राथमिक रणनीति हो। यस महत्वपूर्ण परियोजनामा योगदान पुऱ्याउने दातृ निकाय र साझेदारलाई विभाग धन्यवाद दिन चाहन्छ", राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा बुद्धिसागर पौडेलले भन्नुभयो ।

यो संयुक्त अधिराज्यद्वारा वित्तपोषित परियोजनाले हालसम्मका प्रयासलाई आधार मानेर चरनभूमि तथा तिनबाट प्राप्त हुने मूर्तअमूर्त सेवालाई दीर्घकालीन रूपमा सुरक्षित गर्दै मानव कल्याणमा योगदान पुऱ्याउने लक्ष्य राखेको उहाँले बताउनुभयो । विभाग र से–फोक्सुन्डो राष्ट्रिय निकुञ्जको नेतृत्व तथा से–फोक्सुन्डो गाउँपालिकाको मार्गदर्शनमा सञ्चालन हुने यस परियोजनाले नेपालको उच्च हिमाली चरनभूमिका लागि पुनरावृत्ति गर्न सकिने प्रभावकारी शासन ढाँचा विकास गर्ने लक्ष्य राखेको छ । परियोजना क्षेत्रका चरनभूमिले बुद्ध र मुक्पोरङ मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका ६५० भन्दा बढी परिवारलाई सहयोग पुऱ्याइरहेको छ । जहाँ समुदाय जीविकोपार्जनका लागि पशुपालन, गैर–काठ वन उपज तथा परम्परागत औषधिमा निर्भर छन्।

नेपाल सरकारका नीति, परम्परागत ज्ञान र अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासको मार्गदर्शनमा यस परियोजनाले स्थानीय समुदायका सदस्य–विशेष गरी युवा, महिला र गोठालालाई सशक्त बनाउने बताइएको छ । जसले मध्यवर्ती क्षेत्र प्रयोगकर्ता समितिका चरनभूमि व्यवस्थापन उपसमितिमा सक्रिय भूमिका निर्वाह गर्नेछन् ।

"यो परियोजना 'डर्विन इनिसिएटिभ' मार्फत संयुक्त अधिराज्यको सहयोगले स्थानीय नेतृत्व सुदृढ गर्दै मानव र प्रकृतिलाई समान रूपमा लाभ पुऱ्याउने उत्कृष्ट उदाहरण हो । धार्मिक अगुवा र समुदायस्तरीय चरनभूमि समितिसँग सहकार्य गर्दै हामी बुद्धले लामो समयदेखि सिकाउँदै आएको एउटा सरल सत्यलाई स्वीकार गर्छौ । मानव र प्राकृतिक संसारको कल्याण आपसमा गहिरो रूपमा सम्बन्धित छन्", नेपालका लागि संयुक्त अधिराज्यका राजदूत रोब फेनले भन्नुभयो ।

डब्लुडब्लुएफ नेपाल बाहेक यस परियोजनाका साझेदार संस्थामा 'दिगो कृषि र जैविक स्रोतका लागि एशियाली सञ्जाल' (एन्साब) नेपाल र सोवा रिग्पा एसोसिएसन अफ नेपाल (एसआरएएन) रहेका छन्। 'एन्साब' नेपालले गैरकाठ वन उपजको दिगो सङ्कलन, मूल्य अभिवृद्धि तथा बजार पहुँचमा सहयोग गर्नेछ भने 'एसआरएएन' ले बौद्ध परम्परामा आधारित सोवा रिग्पा (उपचारको विज्ञान) को संरक्षण र समसामयिक सन्दर्भअनुसार सुदृढीकरणमा योगदान पुऱ्याउनेछ ।

परम्परागत ज्ञान प्रणालीको संरक्षण र सुदृढीकरणका लागि चरनभूमि व्यवस्थापन उपसमितिहरूको नेतृत्व धार्मिक अगुवा तथा परम्परागत चिकित्सक 'अम्ची'हरूले गर्नेछन् । साथै, अम्चीहरूलाई कानुनी तथा दिगो औषधिजन्य सामग्री प्रयोगतर्फ रूपान्तरण गर्न सहयोग गरिने से फोक्सुन्डो राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत नुरेन्द्र अर्यालले जानकारी दिनुभयो। "जसले लोपोन्मुख वन्यजन्तु तथा वनस्पतिमा निर्भरता घटाउँदै परम्परागत 'सोवा रिग्पा' उपचार पद्धतिको मौलिकता संरक्षण गर्नेछ", उहाँले भन्नुभयो । रासस

नसर्ने रोगहरूको पहिचानका लागि अभियान २०८२

मधुमेहले मुटु रोग, मस्तिष्कघात, अन्धोपन, मिर्गौलाले काम नगर्ने लगायत अन्य गम्भीर जटिलताहरूलाई निम्त्याउनुको साथै ज्यान समेत लिन सक्छ ।

स्वस्थ जीवनशैली अपनाएर टाइप २ मधुमेह रोकथाम गर्न सकिन्छ ।

स्वस्थ शारीरिक तौल कायम गरौं
चिनी, नून र चिल्लो कम भएको स्वस्थ खाना तथा प्रशस्त तरकारी र फलफूल खाऔं
शारीरिक रूपमा सक्रिय रहौं

आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह जाँच, रक्तचाप (ब्लडप्रेसर) मापन, मिर्गौला सम्बन्धी रोगको जाँच र BMI मापन गरौं ।

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौं ।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
दमौली, तनहुँ, नेपाल

# विश्व पानी दिवस २०२६ : .......

सुरक्षित पानी र शौचालयको अभावले विशेषगरी किशोरीहरूको उपस्थितिमा असर पार्छ । जस्तै, असमानताः दुर्गम क्षेत्रमा सुरक्षित खानेपानीको कमी, गरिब र विपन्न समुदाय पाइप प्रणालीभन्दा टाढा बसोबास, लैङ्गिक पक्षः पानी संकलन र सरसफाइको जिम्मेवारी बढी महिलामा, तसर्थ सुरक्षित खानेपानी केवल पूर्वाधार होइन, यो जीवनरक्षक सुरक्षा हो ।

**खानेपानी र आर्थिक अवसर**

विश्वव्यापी रूपमा कुल सुरक्षित पानीको करिब ७०% कृषि क्षेत्रमा प्रयोग हुन्छ । पानी अभावले केही क्षेत्रमा आर्थिक वृद्धिदरलाई कुल गार्हस्थ उत्पादनको छ प्रतिशतसम्म घटाउन सक्छ। पानी र सरसफाइमा लगानी गरिएको प्रत्येक एक डलरले बहुगुणा आर्थिक प्रतिफल दिनसक्छ। नेपालको करिब ६५% जनसङ्ख्या कृषि क्षेत्रमा निर्भर छ, सिँचाइ पहुँचले उत्पादन र आम्दानी सिधै बढाउँछ । कुल खेतीयोग्य जमिनमध्ये करिब ५०% जति जमिनमा मात्र सिँचाइ सुविधा पुगेको छ। सुरक्षित खानेपानी पहुँच करिब ९०% भन्दा बढी भए पनि सुरक्षित गरी व्यवस्थित सेवा सबैमा उपलब्ध छैन । पानीको अभावका कारण ग्रामीण महिलाले दैनिक १–३ घण्टा समय पानी सङकलनमा खर्च गर्न सक्छन् । यो समय आयआर्जनमा प्रयोग हुनसक्थ्यो । सिँचाइ पहुँच भएका किसानको उत्पादन बर्सेनि वर्षामा मात्र निर्भर किसानभन्दा बढी हुन्छ। जलविद्युत्, खानेपानी आयोजना र सिँचाइ परियोजनाले स्थानीय रोजगारी बढाउँछ । नजिकै सुरक्षित पानी उपलब्ध हुँदा महिलाको समय बचतबाट साना व्यवसाय, कृषि वा सीपमूलक काममा संलग्न हुन सक्छन्। पानीजन्य रोग कम हुँदा उपचार खर्च घट्छ र काम गर्ने दिन बढ्छ । तसर्थ, पानीले कृषि, व्यवसाय, ऊर्जा उत्पादन र जीविकोपार्जनलाई सशक्त बनाउँछ।

**पानी, जलवायु र जोखिम**

जलवायु परिवर्तनको प्रभाव मानिसहरूमा मुख्य रूपमा पानीमार्फत देखिन्छः बाढी, खडेरी र हिमनदी पग्लिने प्रक्रियामार्फत हिन्दूकुश हिमालयजस्ता पर्वतीय प्रणालीहरूले १.६ अर्बभन्दा बढी मानिसलाई पानी उपलब्ध गराउँछन्, तर त्यहाँका हिमनदीहरु तीव्र रूपमा घटिरहेका छन् । सबैभन्दा गरिब समुदायहरु पानीसम्बन्धी विपद् घटनाबाट सबैभन्दा पहिले र सबैभन्दा बढी प्रभावित हुन्छन् । नेपाल विश्वकै उच्च जलवायु जोखिम भएका देशमध्ये पर्छ, औसत तापक्रम बृद्धिः करिब ०.०५–०.०६ डिग्री सेन्टिग्रेड प्रति वर्ष (पहाडी क्षेत्रमा दर अझ बढी), करिब ८०% वार्षिक वर्षा मनसुन (जुन–सेप्टेम्बर) मा केन्द्रित– बाढी र पहिरो जोखिम उच्च, देशभर छ हजारभन्दा बढी नदी प्रणाली छन्; तर अत्यधिक वर्षाले तराईमा वार्षिक बाढी जोखिम दुई हजारभन्दा बढी हिमतालमध्ये करिब २० बढी हिमताल उच्च जोखिम (हिमताल विष्फोटको जोखिम)मा मानिन्छन्, प्रत्येक वर्ष मनसुनका कारण बाढी/पहिरोबाट सयौंको प्रभावित र ठूलो आर्थिक क्षति भइरहेको छ। मुख्य जोखिमहरुः बाढी– तराई र नदी तटीय क्षेत्र बढी प्रभावित, पहिरो (Landslide)– पहाडी तथा हिमाली क्षेत्रमा भारी वर्षापछि हिमताल फुट्ने जोखिम– हिमनदी पग्लिँदै जाँदा जोखिम बढ्दो, खडेरी– वर्षा अनियमित हुँदा कृषि उत्पादन घट्ने। प्रभावः कृषि उत्पादनमा अस्थिरता– खाद्य सुरक्षा जोखिम, खानेपानी स्रोत सुक्ने वा प्रदूषित हुने, पूर्वाधार (सडक, पुल, जलविद्युत)मा क्षति, गरिब र ग्रामीण समुदाय सबैभन्दा बढी प्रभावित, जलवायु न्याय भनेको पानी न्याय पनि हो ।

तसर्थ, सन् २०३० सम्म सबैलाई सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्ने लक्ष्य हासिल गर्ने दिशामा विश्व सही मार्गमा छैन । दिगो विकास लक्ष्यहरु पूरा गर्न खानेपानी क्षेत्रमा लगानी छ गुणाले बढाउन आवश्यक छ । यस परिप्रेक्ष्यमा समुदाय-आधारित खानेपानी व्यवस्थापनले असमानता घटाउन उल्लेखनीय परिणाम देखाएको छ। आजको विशेष दिनमा सबैमा 'विश्व पानी दिवस, २०२६' को हार्दिक शुभकामना ! रासस

(लेखक खानेपानी सरसफाइ र जलवायु परिवर्तन विज्ञ तथा पूर्वउपाध्यक्ष, नीति तथा योजना आयोग, बागमती प्रदेश)

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा



जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९


# शुक्लागण्डकी महोत्सव : आर्थिक, सामाजिक तथा सांस्कृतिक गतिविधिलाई चलायमान बनाउँदै

**भञ्ज्याङ समाचारदाता/दुलेगौडा**

शुक्लागण्डकी नगर उद्योग वाणिज्य संघको आयोजनामा पाँचौं शुक्लागण्डकी महोत्सव-२०८२ यतिबेला उत्साहजनक रुपमा जारी रहेको छ । तनहुँको बेलचौतारास्थित भानुभक्त बहुमुखी क्याम्पसको खुल्ला चौरमा सञ्चालन भइरहेको महोत्सवले स्थानीय स्तरमा आर्थिक, सामाजिक तथा सांस्कृतिक गतिविधिलाई चलायमान बनाएको छ।

आइतबार आयोजित सांगीतिक कार्यक्रममा कलाकार श्याम राना, होमेश भण्डारी, सुमन थापा र स्वाल सञ्जालको प्रस्तुतीले दर्शकलाई भरपूर मनोरञ्जन प्रदान गरेको थियो। उनीहरुको प्रस्तुतीसँगै महोत्सव परिसरमा उपस्थित दर्शकहरु उत्साहपूर्वक नाचेका थिए।

"आर्थिक, सामाजिक तथा खेलकुद विकास, कृषि तथा पर्यटनको प्रवर्द्धन, शुक्लागण्डकी महोत्सव-कला, सीप र संस्कृतिको संरक्षण" भन्ने मूल नाराका साथ सञ्चालन भइरहेको यो महोत्सव चैत १७ गतेसम्म जारी रहने आयोजकले जनाएको छ।

महोत्सवमा राष्ट्रिय तथा




स्थानीय ख्यातिप्राप्त कलाकारहरूको प्रस्तुती, लाइभ कन्सर्ट, बाल उद्यान, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरूको पदयात्रा लगायतका विविध कार्यक्रम समावेश गरिएको छ। साथै पालिकास्तरीय भलिबल प्रतियोगिता, रत्यौली प्रतियोगिता, कौरा नृत्य, विद्यालयस्तरीय नृत्य प्रतियोगिता जस्ता गतिविधिहरूले महोत्सवलाई थप आकर्षक बनाएको प्रवक्ता सुजन श्रेष्ठले जानकारी दिए।

यस वर्ष महोत्सवमा युवापुस्तालाई लक्षित गर्दै टिकटक तथा रिल्स प्रतियोगिता समेत समावेश गरिएको छ, जसले नयाँ पुस्ताको सक्रिय सहभागिता बढाएको आयोजकको भनाइ छ।

सोमबारको कार्यक्रममा कलाकार राजन कार्की, कृष्ण गुरुङ, सरस्वती लामिछाने, शिव शर्मा लगायतका कलाकारहरूको प्रस्तुती रहने कलाकार व्यवस्थापन उपसमिति संयोजक प्रेमबहादुर श्रेष्ठले जानकारी दिए। त्यस्तै, सोमबार साँझ मियोमाको लाइभ कन्सर्ट आयोजना गरिने कन्सर्ट व्यवस्थापन उपसमिति संयोजक सुमन सापकोटाले बताए।

महिला उद्यमी विकास समिति तथा सम्पूर्ण वडा व्यवस्थापन समितिको सह-आयोजनामा भइरहेको महोत्सवमा घरेलु तथा कृषि उत्पादन, व्यवसायिक स्टल, रेष्टुरेन्ट, सामाजिक संस्था, सूचना केन्द्र, स्वास्थ्य शिविर लगायतका गरी कुल १७५ स्टल राखिएका छन्।

महोत्सवले स्थानीय उत्पादनको प्रवर्द्धन, उद्यमशीलता विकास तथा पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास आयोजकले लिएको छ।

# आठ महिनामा करिब ११ खर्ब व्यापार घाटा

**रासस/काठमाडौं**

चालु आर्थिक वर्ष २०८२/८३ को दोस्रो चौमासिक अवधिसम्ममा मुलुकले करिब रु ११ खर्बको व्यापार घाटा बेहारेको छ ।

भन्सार विभागले आइतबार सार्वजनिक गरेको गत फागुन मसान्तसम्मको वैदेशिक व्यापारको तथ्याङ्कअनुसार उक्त अवधिमा कुल रु १४ खर्ब ४० अर्ब ३६ करोड २२ लाखको कुल वैदेशिक व्यापारमा मुलुकले रु १० खर्ब ९८ अर्ब १३ करोड ८२ लाख घाटा बेहोरेको हो । पछिल्लो आठ महिनामा रु १२ खर्ब ८९ अर्ब २५ करोडको आयात र रु एक खर्ब ९१ अर्ब ११ करोड २० लाख बराबरको निर्यात भएको विभागले जनाएको छ ।

गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आर्थिक वर्षमा आयात १२ दशमलव ५४ र निर्यात २९ दशमलव ८३ प्रतिशतले बढेको छ ।

गत फागुन मसान्तसम्ममा भारतसँगको व्यापार घाटा मात्र रु पाँच खर्ब ६७ अर्ब ३९ करोड छ। यस अवधिसम्ममा भारतबाट रु सात खर्ब २४ अर्ब छ करोडको वस्तु आयात भएको छ भने रु एक खर्ब ५६ अर्ब ६६ करोड बराबरको निर्यात भएको छ ।

त्यस्तै, छिमेकी मुलुक चीनसँग रु दुई खर्ब ७५ अर्ब ६६ करोड ७० लाखको आयात र रु ९८ करोड ३३ लाखको निर्यात हुँदा रु दुई खर्ब ६४ अर्ब ६८ करोड ३६ लाखको व्यापार घाटा व्यहोर्नुपरेको विभागले जनाएको छ । नेपालले बढी व्यापार घाटा बेहोरेका मुलुकमा अर्जेन्टिना तेस्रो, संयुक्त अरब इमिरेट्स चौथो र इन्डोनेसिया पाँचौं स्थानमा छन् ।

नेपालको वैदेशिक व्यापारमा नाफा भएका मुलुकमा भने रोमानिया, नर्वे, आइसल्याण्ड, नाइजर, इराक, केन्यालगायत छन् । पछिल्लो आठ महिनामा रोमानियासँग रु ५० करोड ६५ लाख, नर्वेसँग रु तीन करोड ३३ लाख र आइसल्याण्डसँग रु दुई करोड ५७ लाख बराबर व्यापार नाफा देखिएको छ ।

यस अवधिमा पेट्रोलियम पदार्थको आयात सबैभन्दा बढी छ । विभागका अनुसार पछिल्लो आठ महिनामा रु ८२ अर्ब १० करोड ५१ लाखको डिजेल, रु ४३ अर्ब ८९ करोड ७३ लाखको पेट्रोल र रु ३७ अर्ब ३१ करोड ३७ लाख बराबरको एलपी ग्यास आयात भएको छ ।

त्यस्तै, रु ८१ अर्ब १८ करोड ६४ लाख बराबरको कच्चा भटमास तेल आयात भएको छ भने रु २९ अर्ब ९३ करोड ५९ लाख बराबरको स्मार्टफोन, रु ३६ अर्ब ८२ करोड ३० लाखको फलामजन्य वस्तु, रु २३ अर्ब ४९ करोड ६७ लाखको सुन, रु १८ अर्ब ४४ करोड ७८ लाखको चाँदी आयात भएको छ।

नेपालले बढी निर्यात गरेका वस्तुमा भटमास तेल पहिलो स्थानमा छ। पछिल्लो आठ महिनामा रु ७५ अर्ब ७७ करोड ४१ लाख बराबरको भटमास तेल निर्यात भएको छ ।

त्यस्तै, रु नौ अर्ब ४९ करोड, ६१ लाखको अलैंची, रु छ अर्ब ५३ करोड ९६ लाखको कार्पेट, रु छ अर्ब २० करोड २३ लाखको सूर्यमुखी तेल, रु चार अर्ब ३२ करोडको पाम तेल निर्यात भएको छ ।

# देशभरिका अस्पतालको सर्वेक्षण गरिँदै

**रासस/काठमाडौं**

राष्ट्रिय तथ्याङ्क कार्यालयले देशभरका निजी स्वास्थ्य संस्था (अस्पताल)को सर्वेक्षणको तयारी गरेको छ। देशभरिका निजी स्वास्थ्य संस्थाले मुलुकको कुल गार्हस्थ उत्पादनमा कति योगदान पुऱ्याएका छन् भनेर अध्ययन गर्नका लागि सर्वेक्षण गर्न थालिएको तथ्याङ्क कार्यालयका निर्देशक तीर्थराज बरालले जानकारी दिनुभयो। उहाँका अनुसार देशभरिका निजी सही सामुदायिक अस्पतालले गणकबाट सर्वेक्षण गरिनेछ । उहाँका आगामी वैशाखदेखि असार मसान्तसम्म तथ्याङ्क सङ्कलनको काम गर्ने दिनुभयो ।

"अहिले कर्मचारी करारमा लिएका छनोट गर्ने कार्य भइरहेको छ । ती कर्मचारीलाई तालिम दिनेछौं", उहाँले भन्नुभयो, "अनि हामी ती कर्मचारीलाई तथ्याङ्क सङ्कलन गर्न अस्पतामा पठाउँछौँ"

उहाँका अनुसार सर्वेक्षणबाट अस्पतालको आर्थिक अवस्था, अस्पतालले प्रदान गर्ने रोजगारी संख्यालगायत तथ्याङ्क सङ्कलन गरिनेछ । कार्यालयले प्रत्येक १०/१० वर्षमा निजी स्वास्थ्य संस्थाको सर्वेक्षण गर्ने भने तापनि केही वर्ष ढिलाइ भएको उहाँको भनाइ छ ।

सन् २०१३ मा भएको सर्वेक्षणमा निजी स्वास्थ्य संस्थाको मुलुकको कुल गार्हस्थ उत्पादनमा एक प्रतिशतभन्दा कम योगदान रहेको कार्यालयका निर्देशक बरालले जानकारी दिनुभयो। त्यतिबेला एकसय वटा अस्पतालमा सर्वेक्षण गरिएको थियो । यसपटक भने देशभरि दुई हजार ५५१ अस्पतालमा सर्वेक्षण गरिने तयारी गरिएको छ।

www.bhanjyangnews.com


## टन्सिलका लक्षण :

- घाँटी दुख्ने, सुन्निने, रातो देखिने र ज्वरो आउने,
- घाँटीभित्र कहिलेकाहीं सेतो दाग वा पिप देखिने,
- बोल्दा आवाज बदलिने वा करकराउने,
- खाना निल्न गाह्रो हुने,
- शरीर दुख्ने र थकान महसुस हुने,
- श्वास फेर्दा दुर्गन्ध आउने,
- कहिलेकाहीं वाकवाकी लाग्ने वा पेट दुख्ने टन्सिलका लक्षण हुन सक्छन्,

**यस्ता लक्षण देखिएमा चिकित्सकसंग परामर्श गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


facebook twitter

**Narayang Gaunle**
facebook.com/ngaunle



इरानले भर्खरै एक करोड मूल्यको नयाँ नोट छापेछ! यो नेपाली ११ सय रुपियाँ जति हुन आउने रहेछ। हजार रुपियाँको नोट त हाम्रो पनि छ ! अमेरिकी डलर जम्मा १०० र बेलायती पाउण्ड ५० मूल्यको मात्रै आमप्रयोगमा छ ।

नेपाली एक रुपियाँले झन्डै ८८०० इरानी रियल किन्न सकिने रहेछ । हाम्रो मुद्रा विश्वकै कमजोर मुद्रा पनि होइन रहेछ । हाम्रो एक रुपियाँ भियतनाम पुग्दा १७५ र अर्जेन्टिना पुग्दा १० हुँदो रहेछ । लेबनानको पाउण्ड त ६०० जति हुन्छ । इन्डोनिशिया होस् कि छिमेकको श्रीलंका या पाकिस्तान, तिनको मुद्रा हामीभन्दा सस्तै छन् । म जन्मिएको वर्ष एक डलर बराबर जम्मा १२ रुपियाँ हुँदो रहेछ ! आज झन्डै १५० पुगेको छ !

आर्थिक नाकाबन्दी, तीव्र मूल्यवृद्धि, राजनैतिक अस्थिरता, उत्पादनको कमी र चर्को उपभोक्तावादी प्रवृत्तिजस्ता थुप्रै कारणले मुद्राको भारी अवमूल्यन हुन्छ । बढ्दो उपभोग र निरन्तरको व्यापारघाटा, अस्थिर राजनीति र लगानीको अभाव, बाँझा खेत र ऋणात्मक बजेटले गर्दा हाम्रो मुद्रा कमजोर बन्दै गएको होला । तैपनि भारतजस्तो विश्वकै चौथो ठूलो अर्थतन्त्र भएको मुद्रासँग स्थायी सटही दर कायम गरिएकाले हाम्रो मुद्रा स्थिर र प्रेडिक्टेबल नै छ ! भूराजनीतिदेखि आन्तरिक राजनीतिलाई सन्तुलनमा राख्दै देशलाई समृद्धि र स्थायित्वतिर लैजान सके मिलिनेयर बन्नै परेन, तर देश अस्थिर बनेको दिन १० मिलियनको एउटा नोट बोकेर पनि मिलिनेयर त बनिन्छ तर त्यसले एक किलो घिउ पनि किन्न सकिन्न !

आज सबै इरानी जनता एकाएक करोडपति त बनेका छन् तर करोड भन्ने गणित आफैमा धेरै दुब्लो भएको छ । तैपनि यो युद्ध यदि शान्तिमा सकियो र राजनैतिक स्थायित्व भयो भने इरानसँग रहेको विशाल पेट्रोलियम भण्डारले त्यो देशलाई फेरि धुलो टकटक्याएर उठ्न मुश्किल नहोला !

# डुम्रे बजारमा सडक व्यवसायीको अनुगमन

**भञ्ज्याङ समाचारदाता/डुम्रे**

तनहुँको बन्दीपुर गाउँपालिका-१ को डुम्रे बजार क्षेत्रका सडक



व्यवसायीको अनुगमन गरिएको छ। पृथ्वीराजमार्ग अन्तर्गत डुम्रे बजार क्षेत्रमा सडक छेउमा बिक्री हुने चटपटेमा असुरक्षित मसीयुक्त कागज प्रयोग गर्ने चलन घट्दै गएको छ।

खाद्य डिभिजन कार्यालय दमौलीले बारम्बार सचेत गराएपछि व्यवसायीहरूले अब मसी नभएका सादा कागज वा एलुमिनियम लेप भएका सुरक्षित कागज प्रयोग गर्न थालेका छन् ।

खाद्य डिभिजन दमौलीका प्रमुख जोति आचार्यका अनुसार निरन्तर अनुगमन र जनचेतनामूलक कार्यक्रमका कारण अहिले त्यस्ता मसीयुक्त कागज प्रयोग प्रायः देखिन छाडेको छ।

उनले स्थानीय पालिकासँगको सहकार्यमा जिल्लाका अन्य क्षेत्रहरूमा समेत यस प्रकारको अभियानलाई अझ सक्रियताका साथ अघि बढाइने जानकारी दिए।

यस कदमले सडक खाना (स्ट्रीट फुड)को गुणस्तर सुधार हुनुका साथै उपभोक्ताको स्वास्थ्य सुरक्षामा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको उनको भनाइ छ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४